**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

**प्रेस विज्ञप्ति - ९ आश्विन २०६३**

---

# उच्चायुक्तको कार्यालय-नेपालद्वारा नेकपा-माओवादीका दुर्व्यवहारका अन्त्य होस् भनी आह्वान, प्रतिवेदन जारी

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय-नेपालले नेकपा-माओवादीद्वारा बैशाख १३ गते युद्धविराम घोषणा गरेयता त्यसका कार्यकर्ताहरूले गरेका मानवअधिकार दुर्व्यवहार सम्बन्धमा आफ्ना प्रमुख सरोकारहरू राख्दै आज एउटा दस्तावेज सार्वजनिक गर्‍यो । ८ पानाको उक्त दस्तावेज भाद्र २६ गते नेकपा-माओवादीलाई बुझाईयो र यसमा हत्या, अपहरण, दुर्व्यवहार र यातनाका घटनाहरू, नेकपा-माओवादीका कार्यकर्ताहरूद्वारा अपहृत व्यक्तिहरूका मृत्यु, तथा जबर्जस्ती चन्दा उठाउने सम्बन्धी सरोकारहरू, एवं बालबालिकाको र आन्तरिक रूपले विस्थापित व्यक्तिहरूको अधिकारसम्बन्धी सरोकारहरु प्रस्तुत गरिएका छन् ।

त्यस समयदेखि उच्चायुक्तको कार्यालय-नेपालले आफूले प्राप्त गरेका दुर्व्यवहारसम्बन्धी नयाँ प्रतिवेदनहरूको अनुसन्धान गरिरहेको छ । यसमा लमजुङ्ग जिल्लामा हालै भएका दुईटा मृत्यु पर्दछन् : नेकपा-माओवादीका मिलिसियाद्वारा भाद्र २१ गते गरिएको शान्तबहादुर विकको हत्या र नेकपा-माओवादीका मिलिसियाले १६ वर्षीय कुमार परियारलाई कब्जामा लिएपछि भाद्र २५ गते भएको निजको मृत्यु ।

निम्न आठ व्यक्ति - जसको स्थिति अझै स्पष्ट छैन - को अपहरण भएको भनिएको विषयमा पनि अनुसन्धान जारी नै छ । जेठ २३ गते धनुषा जिल्लाका दिपनारायण यादव, अषाढ १२ गते सप्तरी जिल्लाका रामप्रसाद यादव, आषाढ २२ गते नवलपरासी जिल्लाका देवनारायण चौधरी, श्रावण ७ गते इलाम जिल्लाका राजु ढकाल र जनक पाठक, र श्रावण २० गते मोरङ जिल्लाका मनिषा राजवंशी र विरेन्द्र कामत ।

बालबालिकालाई जनमुक्ति सेना (पीएलए) र मिलिसियामा भर्ना गरी प्रयोग गर्ने कार्य जारी रहेको छ । दोलखा जिल्लामा पीएलएले हालै भर्ना गरिएका २० जना बालबालिकामध्ये १२ जना आश्विन ६ गते रिहा भएको उच्चायुक्तको कार्यालय-नेपालले उल्लेख गरेको छ । तर, नयाँ भर्तीलगायत धेरै बालबालिका पीएलए र मिलिसियामा अझै छन् । उच्चायुक्तको कार्यालय-नेपाल बालबालिकालाई घर फर्कन दिन नेकपा-माओवादीलाई बाल संरक्षण निकायहरूसंग मिलेर काम गर्न तथा आफ्ना कार्यकर्ताहरूलाई बालबालिकाका भर्ती बन्द गर्ने प्रष्ट निर्देशन दिन आह्वान गर्दछ ।

> "नेकपा-माओवादीको नेतृत्वले मानवअधिकार दुर्व्यवहारका अन्त्य गर्न भाद्र १७ गते दिएको निर्देशन र सो नेतृत्वले आफ्ना कार्यकर्ताहरूलाई जवाफदेही राखोस् भनी हाम्रो कार्यालयले बारम्बार गरेको आह्वानका बावजुद गम्भीर दुर्व्यवहार देशभरि जारी छ । नेकपा-माओवादीले यी दुर्व्यवहारहरू अन्त्य गरेर दोषी कार्यकर्ताहरूलाई जवाफदेही बनाईने छ भन्ने सुनिश्चित गर्न आफ्ना प्रतिवद्धताहरूप्रति गम्भीर छ भनी देखाउनुपर्दछ," उच्चायुक्तको कार्यालय-नेपालका अफिसर इन्चार्ज डेभिड जोन्सनले भन्नुभयो ।

---

**For further information contact Mr. Kieran Dwyer at OHCHR-Nepal:**
Tel.: 428 0164 (Ext. 321) - Mobile: 98510 14263 or Email: kdwyer@ohchr.org